बैठक संख्या : १०३ स्थान : रासी नगरपालिका

मिती : २०७८।१२।१८ गते समय : दिउसो ३ : ०० बजे

यस रासी नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इश्मान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्बिका लामा

सदस्य श्री पहलमान प्रजा

(आमन्त्रित) श्री मति [illegible] लामा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

२ - श्री सुरज भट्टराई

रवीन्द्र प्रसाद पाठक

संजीव रेग्मी

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

<u>प्रस्तावहरु</u>

१. पुर्व वैठकको समिक्षा सम्वन्धमा ।
२. वालमैत्री नगर घोषणाको लागि गणक र दर्ता सिविरको लागि दर्ता सहायक छनौट सम्बन्धमा ।
३. योजना तथा कार्यक्रमहरुको लागि बजेट व्यवस्थापन सम्वन्धमा ।
४. गुरु योजना /आवधिक योजनाको अन्तिम सुझाव सम्वन्धमा ।
५. घरको छानो विस्थापित कार्यक्रमको प्रगती तथा अपुग बजेट माग सम्वन्धमा।
६. वितिय सुशासन मुल्याङ्कन कार्य सम्वन्धमा ।
७. नगर प्रशासनिक भवनको थप बजेट माग सम्वन्धमा ।
८. प्रदेश शसर्त कार्यक्रम सम्वन्धमा ।
९. फोकल पर्सन परिवर्तन गर्ने सम्वन्धमा ।
१०. आर्थिक सहयोग सम्बन्धमा ।
११. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।
१२. शिक्षक दरबन्दी थप गर्ने सम्वन्धमा ।
१३. ११ नं. वडा कार्यालयको म्याद थप सम्बन्धमा ।
१४. वैकल्पिक उर्जा प्रणाली जडान सम्बन्धमा ।
१५. अर्गानिक मलमा अनुदान सम्बन्धमा ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

मिति २०७८।१२।१६ गते राप्ती नगरपालिका र मनहरी गाउँपालिकाको संयुक्त कार्यपालिका बैठक बसेकोमा वैठकमा गरिएका निर्णयहरु कार्यान्वयनको चरणमा रहेको जानकारी सम्पुर्ण कार्यपालिका बैठकका पदाधिकारी हरुलाई जानकारी गराइयो ।

<u>निर्णय नं. २</u>

बालमैत्री स्थानीय तहका लागि सुचकहरु लिई बालमैत्री वडा र क्रमश नगरपालिका घोषणा गर्ने कार्य द्रुत गतिमा अगाडि बढाउनु पर्ने र धेरै जसो वडामा गरिव घरपरिवार पहिचानको गणकहरुलाई नै उक्त जिम्मेवारी समेत दिने भनिएकोमा निजहरु उक्त कार्य गर्न अनइच्छुक देखिएकोले गरिव घर परिवार पहिचानमा छनौट हुन नसकि वैकल्पिकसूचीमा रहेका उम्मेद्वारहरुलाई नै प्रति परिवार रु ५० का दरले उक्त सूचक संकलन गर्न लगाउने निर्णय गरियो ।साथै उक्त कार्यको लागि रु १ लाख ५० हजार मात्र बजेट रहेकोले थप रकम निम्नानुसार व्यवस्था गर्ने निर्णय गरियो ।

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

| साविकका योजना तथा कार्यक्रम | रकम रु | संसोधन गर्नुपर्ने योजना कार्यक्रम | रकम रु |
|---|---|---|---|
| वेवारिसे मानसिकता भएका व्यक्ति संरक्षण कार्यक्रम | रु १ लाख | बालमैत्री स्थानीय नगर घोषणाको लागि गणक व्यस्थापन | रु १ लाख |

माथि उल्लेखित शिर्षकबाट २५००००।– अक्षरुपि दुई लाख पचास हजार मात्र रकमको व्यवस्थापन भएकाले नपुग रकम रु ५५००००।– पाँच लाख पचास हजार बचत हुने मिल्दो शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।साथै आर्थिक बर्ष ०७७/७८ मा दर्ता सिविर सञ्चालन गर्न भनि विवरण संकलन गर्न आवश्यक जनशक्तिको लागि गत आ ब २०७७।७८मा दरखास्त आह्वान गरिएको र कोभिड १९ को दोस्रो भेरियान्ट लगतै सिविर सञ्चालन गर्न नसकि जनशक्ति छनौट कार्य समेत नभएकोले यस भन्दा अगाडी नै संकलन गरिएको दरखास्त फारमबाट नै १२ जना विवरण संकलक छनौट गरी दर्ता सिविर सञ्चालन गर्ने गरी निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिकाको अति आवश्यक योजना निम्न अनुसार संशोधन गर्न अति आवश्यक भएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी देहाय अनुसार योजना संशोधन र रकमान्तर गर्ने निर्णय गरियो ।

| १०३ औ कार्यपालिका बैठकबाट संशोधित योजना कार्यक्रमहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र सं. | साविकको योजनाको नाम | वडा नं. | रकम रु | हालको योजनाको नाम | रकम रु |
| १ | ६*२० एम एम को प्लाष्टिक टनेल वितरण | | ८२५००० | पहाडी क्षेत्रमा कृषी लक्षित कार्यक्रम | ८२५००० |
| २ | आइ पि एम कृषी पाठशाला | | ३००००० | पहाडी क्षेत्रलाई कृषक लक्षित कार्यक्रम | ३००००० |
| ३ | माटो परिक्षण र चुना वितरण | | १०१४००० | पहाडी क्षेत्रलाई कृषक लक्षित कार्यक्रम | २८८००० |
| | | | | रोजगार मुलक उत्पादन कार्यक्रम | १६०००० |
| | | | | महिला स्वयं सेविकालाई अवकास इनसेन्टिम सम्मान | ५१६००० |
| | | | | सहकारी दिवस | ५०००० |
| ४ | राप्ती एकीकृत बस्ती | | ७७५००० | सिद्धेश्वर महादेव मन्दिर वडा नं. ९ | ४००००० |
| | | | | सुरदेवी मार्ग बाटो निर्माण वडा नं. २ | ३७५००० |
| ५ | आदीबासी जनजाती कार्यक्रम १५ लाख मध्य | | २२५००० | सुरदेवी मार्ग बाटो निर्माण वडा नं. २ | १२५००० |
| | | | | महादेव मन्दिर देखि महादेवटार खानेपानी कृषी सडक निर्माण वडा नं. १ | १००००० |
| ६ | लिक्ति खानेपानी योजना | १३ | ५००००० | मौराङ खानेपानी योजना राप्ती १३ | ५००००० |
| ७ | पूर्वाधार स्वरोजगार कार्यक्रम ( वडा नं. २) | २ | २१,००० | पानी विजुली | १०,००० |

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मेसिनरी तथा औजार मर्मत सम्भार तथा संरक्षण | ११,००० |
| ९ | पिप्ले स्वास्थ्य चौकीलाई कार्यालय सञ्चालन खर्च( वडा नं. २) | २ | १५००० | समपुरक | १५००० |
| १० | महिला कृषक समुह राप्ती १३ | १३ | ७,००,००० | चेपाङ कृषक समुह | ७,००,००० |
| ११ | खुरखुरे बजार सि.सि.टि.भि दुइ सेट वडा नं.८ | ८ | १००००० | वजरहट्टी आधारभुत विद्यालय को लागि सोलार प्यानल | १००००० |
| १२ | पदाधिकारी बैठक भत्ता | ४ | रु ८५००० | खेलकुद सामाग्री खरिद वितरण | ८५००० |
| १३ | महिला आयमूलक तालिम कार्यक्रम | ९ | १००००० | खेलकुद सामग्री खरिद वितरण | १०००००।- |
| १४ | सुन्दर मार्ग ग्राभेल | ८ | ३००००० | पुरानो राजमार्गको कल्भर्ट देखि माथि जाने बाटो ग्राभेल | २०००००।- |
| | | | | पक्षुवारी भण्डारी टोलमा बाटो ग्राभेल | १०००००।- |
| १५ | कोभिड | ११ | १००००० | कमिनचुली सहकारीलाई गाडी खरिद | १००००० |
| १६ | सवारी साधन मर्मत खर्च मध्यबाट | ७ | ५०००० | स्यालो बोरिङ | ५०००० |

साथै राप्ती नगरपालिका वडा नं. १० स्थित कमिन्चुली महिला सहकारी संस्था ली लाई गाडी खरिद गर्न वडा नं १०,११, १२ र नगर गरी प्रत्यकले रु.२४०००० गरी जम्मा रु. ९६०००० उपलब्ध गराउने पूर्ब बैठकको निर्णय भएकोमा वडा नं ११ बाट रु. १ लाख मात्र र १२ बाट कत्ति पनि प्राप्त नभएकोले बाँकी रकम रु. ३८०००० नगरको मिल्दो मौज्दात हुने शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकाको दिर्घकालीन योजना (नगर गुरुयोजना) र आवधिक योजनाको अन्तिम ड्राफ्ट रिपोर्टको विषयगत समितिहरु र शाखाहरुबाट व्यापक अध्ययन गरी छुट भएका विषयहरु समावेश गर्न र परिमार्जन गर्नुपर्ने विषयहरु ७ दिन भित्र राय सुझाव सहित सम्वन्धित परामर्शदातालाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरको छानो विस्तापित गर्न राप्ती नगरपालिकाका विभिन्न वडाहरुमा बसोबास गर्ने जम्मा ३६८ लापग्राहीको घर निर्माण गर्न भनि प्रथम चरणमा प्रति परिवार जनही रु १८०००।- प्रदान गरिएकोमा प्राविधिक मुल्याङ्कन गरी प्रगतिको आधारमा अपुग रकम माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

<u>निर्णय नं. ६</u>

स्थानीय तहमा भएका आर्थिक गतिविधिहरु पारदर्शि ढङ्गले सम्पन्न गरी वितिय सुशासन कायम गर्दै जिम्मेवार व्यक्तिलाई जवाफदेहि र उत्तरदायी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको वितिय सुशासन कार्यविधि सम्पुर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराई सोहि अनुसार गर्न गराउनुहुन अनुरोध गरियो ।

<u>निर्णय नं. ७</u>

नगर प्रशासनिक भवन सम्पन्न हुदाँ सम्म जम्मा रु १४ करोड बजेट लाग्ने र हालसम्म करिब एघार करोड खर्च भइसकेको छ ।हाल द्रुत गतिमा कार्य भैरहेकोले करिव बैशाखमा कार्यसम्मपन्न हुने अवस्थामा रहेको छ ।नेपाल सरकारले भवनलाई ५०% सम्म अनुदान दिने कार्यविधि रहेकोले यस नगरपालिकाले रु ६ करोड प्राप्त गर्नुपर्नेमा हालसम्म जम्मा ३ करोड माग प्राप्त भएको छ ।जिल्ला समन्वय समितिले रु २ करोड ५० लाख बढी मौज्दात बाट सहयोग प्रदान गरेतापनि नगर प्रशासनीक भवन निर्माण स्थल माछापोखरीको Reservoir रहेकोले ठुलो खाल्डो जटिल भौगोलिक संरचना भई जि.स.स ले दिइएको रकमले जमिन सम्याउने भन्दा अरु कार्य हुन नसकेकोले कार्यविधि बमोजिम समन्वय समितिले प्रदान गरेको रकम समेत जोडि हालसम्म ५ करोड ५० लाख प्राप्त भएको देखिन्छ । हाम्रो जस्तो आम्दानी समेत कमजोर भएको पालिकामा १३ करोड भन्दा माथिल्लो लागतमा भवन निर्माण भंएको र समितिबाट प्राप्त रकमले जग्गा सम्याउने बाहेक अरु कार्य हुन नसकेकोले समन्वय समितिबाट प्राप्त सहयोगलाई संघीय सरकारबाट प्राप्त हुनुपर्ने अनुदानमा समावेश नगरी अव सम्झौता बमोजिम भुक्तानी गर्न नगरपालिकासँग कुनै बजेट नरहेको हुदा अपुग हुने रकम ३ करोड उपलब्ध गराइदिन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.८</u>

प्रस्ताव नं. ८ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. २ को प्रदेश शसर्त कार्यक्रम अन्तर्गतका भैसी तथा बाख्रापालन प्रवर्द्धन कार्यक्रम र पशुपालन प्रवर्द्धन कार्यक्रम रासी २ का कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिबाट गर्न रु १५।१५ लाख नगरको खातामा बैङ्कमा जम्मा गर्नुपर्ने कार्यबिधिमा उल्लेख भएको र उक्त ठुलो रकम कृषक उपभोक्ता समितिबाट जम्मा गर्न नसक्ने भएकोले कार्यक्रम नै सञ्चालन हुन नसक्ने भन्दै उपभोक्ताको श्रमको मुल्याङ्कनलाई नै आधार मानि कार्यक्रमहरु गर्न पाउँने गरी प्रदेश सरकारमा सिफारिस गरिदिन भनि उपभोक्ता समिति बाट निवेदन पेश भएको हुदाँ कृषक उपभोक्ता समितिको श्रमको मुल्याङ्कन गरी रकम जम्मा नगरिकन नै उक्त कार्यक्रमहरु कृषक उपभोक्ता समितिबाट गर्ने व्यवस्था मिलाइदिन प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

निर्णय नं. ९

प्रस्तावन न.९ माथि छलफल गर्दा राप्ती नगरपालिकाको भुमि सम्वन्धी समस्या समाधान गर्न भुमिहिन सुकुम्बासी दलित तथा अव्यवस्थित परिवारलाई जग्गा प्रदान गर्ने प्रयोजनार्थ इञ्जिनियर श्री अर्जुन पौडेललाई भूमि आयोग एकाई प्रमुख तोकिएकोमा धेरै कार्य जिम्मेवारीका र अधिकतम समय नगरका विभिन्न योजनामा खर्च गर्नुपर्ने हुदाँ आएका आवेदनहरु प्रमाणित गरी पेश गर्न समेत गाह्रो भएको हुदाँ सो कार्यका लागि सुचना प्रविधि अधिकृत श्री लक्ष्मी कंडेललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. १०

आर्थिक सहयोग सम्बन्धमा राप्ती नगरपालिका वडा नं. १ निवासी जित बहादुर तामाङको मिति २०७८।०८।११ गते आगलागि भइ पुरै घर नष्ट भएको र उक्त घर निर्माण गर्न राप्ती नगरपालिकाबाट रु २ लाख रकम विनियोजन गरिएकोमा उक्त घर निर्माण गर्न पुरानो घर भएको स्थान राप्ती १ मा भौगोलिक बनावटका कारण निर्माण सामाग्री ढुवानी गर्न सम्भव नभएको हुदाँ निजको भोगचलन गर्दै आएको राप्ती ३ धमिलि स्थित घर निर्माण भएकोमा उक्त कार्यका लागि अनुमति दिने निर्णय गरियो ।

राप्ती नगरपालिका वडा नं. ७ खुरखुरे टोलमा बस्ने नारायण लामाको मिति २०७८/११/०६ गते अचानक परालको टौवामा आगो लाग्न गई क्षति भएको हुदाँ यस नगरपालिकाको विपत शिर्षक बाट रु १०,००० सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

वडा नं. ८ स्थित पार्क निर्माण गर्दा जग्गाको क्षेत्रफल कम भइ शारदा गिरिको घर सम्म आइपुगेको र अति विपन्न परिवारको निज शारदा गिरिको घर टहरा भत्किन समेत लागेको हुदाँ उक्त घर अलि पर निजले नै उपभोग गर्दै आएको ऐलानी जग्गामा बनाउन वडा समितिको निर्णयमा रु ३ लाख रकम विनियोजन गरी निर्माण गर्न वडा कार्यालयबाट बजेटको व्यवस्था सहित अनुरोध भई आएकोमा वडा कार्यालयको सिफारिस बमोजिम प्रचलित नेपाल कानूनले अन्यथा व्याख्या गरेमा सो बमोजिम हुने गरि वडा कार्यलयको सिफारिस बमोजिम हुने निर्णय गरियो ।

नेपाल नगरपालिका संघ को मिति २०७८।१०।१६ को पत्रानुसार नगरपालिका संघको भवन निर्माण कार्यका लागि आर्थिक सहयोग गर्न माग भई आएकोमा नगरपालिकाका प्रतिनिधिहरुको प्रतिनिधिक संगठन भएकोले उक्त संघको भवन निर्माण प्रयोजनका लागि रु २,००,००० अक्षेरुपी (रु दुइ लाख ) मिल्दो शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

नेपाल कम्युनिष्ट पार्टी एमालेको जिल्ला कार्यालय चितवन को मिति २०७८।०९।१६ को पत्रानुसार भरतपुर महानगरपालिका वडा नं. १० मा रहेको मदन आश्रित स्मृति भवनको सभा कक्ष

मर्मत सम्भारका लागि आर्थिक सहयोग माग भई आएकोले उक्त कार्यका लागि सहयोग बापत रु १,००,००० (अक्षेरुपी रु एक लाख) रुपैयाँ मिल्दो शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो।

राप्ती नगरपालिका वडा नं. १३ बस्ने मिलन प्रजाको घरमा मिति २०७८।११।०३ गते दिउँसो २ बजे अचानक आगलागि भई घर जलेर नष्ट भएको र निजको आर्थिक अवस्था समेत अत्यन्त कमजोर रहेको हुदाँ विपत् शिर्षकबाट रु १५,००० (रु पन्ध्र हजार )आर्थिक सहयोग गर्ने तथा अति बिपन्न र विपतमा परेकालाई अर्थिक सहयोग भएको तर भुलबस उपरोक्त बमोजिम किटान नभएको अवस्था रहेमा असल नियतले गरेको उक्त कार्यको समेत अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ११</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा नगरपालिकामा नगरपालिका स्थापना पुर्व निर्माण सम्पन्न भएका घरहरुको अभिलेखिकरण गर्नका लागि १ पटको लागि सूचना प्रकाशन गरिएकोमा कतिपय घरहरु नगरपालिका स्थापना पश्चात अझै सम्म पनि नक्सापास प्रक्रियामा नै नआइ विना नक्सापास निर्माण गरिएको र अभिलेखिकरण प्रक्रियामा समेत समस्या आएकोले तपसिल बमोजिम गर्ने गरी निर्णय गरियो ।

क) नगरपालिकाको स्थापना पश्चात पनि यस्ता घर नक्सापास विना नै सम्पन्न गरी अभिलेखिकरण प्रक्रियामा आएकोमा त्यस्ता घरहरु नगरपालिकाबाट खटिइ गएको प्राविधिकले अनुगमन गर्दा प्रचलित भवन निर्माण संहिता पालना गरेको पाइएमा उक्त घरहरुको नक्सापास गर्न लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई घर अभिलेखिकरणको प्रमाण पत्र दिइनेछ ।यदि त्यसरी निर्माण गरिएको घरमा भवन निर्माण संहिता पालना नगरेको पाइएमा कुनै पनि प्रमाणपत्र दिन नगरपालिका वाध्य हुनेछैन ।

ख) यसपश्चात नगरबाट विजुली तथा पानीको लागि दिइने सिफारिसमा घर नक्सा पास अनिवार्य गरिनेछ ।

ग) नक्सा पास गरी घर निर्माण गर्दा नगरपालिकाबाट विभिन्न चरणमा पाउने इजाजत पत्र समयमा प्राप्त भएको हुनुपर्नेछ। समयमा इजाजतपत्र नलिई घर निर्माण अगाडी बढाएको पाइएमा उक्त घरको प्राविधिक अनुगमन गर्दा भवन निर्माण संहिता र स्वीकृत नक्सा बमोजिम निर्माण गरेको ठहरेमा उक्त घरधनीलाई जरिवाना स्वरुप नक्सा पास गर्न लाग्ने दस्तुरको ५०% थप दस्तुर लिई आवश्यक प्रमाणपत्र वा इजाजतपत्र प्रदान गरिनेछ । अन्यथा त्यसरी निर्माण गरिएको भवनको आंशिक वा सम्पुर्ण भाग भत्काउनु पर्नेछ ।

घ) मिति २०७८।१०।०५ को सूचना बमोजिम २०७८ फाल्गुन मसान्तभित्र यस नगरपालिका गठन हुनुपुर्व निर्माण सम्पन्न भएका घरहरु दर्ता गरिएकोमा उक्त म्यादभित्र दर्ता हुन आएका घरहरुको अभिलेखिकरण गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराइनेछ ।

**बैठक संख्या : १०३** **मिति : २०७८।१२।१८**

निर्णय नं. १२

रासी नगरपालिका वडा नं. १२ मा अवस्थित आधारभुत विद्यालय कालिटार त्यस क्षेत्रमा सवैलाई पाएक पर्ने स्थानमा रहेको विद्यालय भएको र उक्त विद्यालयमा यस शैक्षिक सत्रबाट कक्षा ६ सञ्चालन अनुमति प्राप्त गरी पठनपाठन भइरहेको साथै सोको लागि आवश्यक न्युनतम २ शिक्षकको लागि वडा कार्यालयबाटै तलब भत्ताको लागि रकम विनियोजन समेत भइसकेको हुदाँ उक्त विद्यालयमा कम्तिमा आधारभुत विद्यालय (कक्षा ८ सम्म ) पठनपाठन हुने गरी २ शिक्षकको दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

रासी नगरपालिका वडा नं. १३ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. ११ को वडा कार्यालय भवन निर्माण गर्न जिम्मा पाएको श्रीखण्ड निर्माण सेवाले भवन निर्माण क्रममा ट्याक्टर दुर्घटना भए पश्चात केही समय काम रोकेको तर हाल कार्य सन्तोष जनक रुपमा अगाडी बढाएको हुनाले २०७९ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

रासी नगरपालिका वडा नं. १४ माथि छलफल गर्दा आ.व. २०७८।०७९ मा संघीय सरकारबाट बैकल्पिक उर्जामा रु ८ लाख प्राप्त भएकोमा उक्त बजेटबाट रासी नगरपालिका वडा नं. १३ को कान्देश्वर आधार विद्यालय र वडा नं. १२ को राष्ट्रिय आ वि डिहिटारमा बैकल्पिक उर्जा प्रणाली जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

रासी नगरपालिका वडा नं. १५ माथि छलफल गर्दा रासी नगरपालिका वडा नं. २ मा कुपनटोलमा संचालित अर्गानिक मल उत्पादन गर्नेलाई उत्पादित मलको रासी नगरपालिका भित्र कृषकलाई वितरण भएमा ५०% अनुदान दिन उपयुक्त शिर्षकबाट बजेट व्यवस्था गरि भुक्तानी दिने निर्णय गरियो ।